# तेस्रो दक्षिण एशियाली सरसफाइ सम्मेलन (SACOSAN III)

"स्वास्थ्य र प्रतिष्ठाको लागि सरसफाइ"

SACOSAN

INTERNATIONAL YEAR OF SANITATION 2008

नोभेम्बर १६-२१, विज्ञान भवन, नयाँ दिल्ली, भारत

# दिल्ली घोषणापत्र

हामी अफगानिस्तान, बङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलङ्काका मन्त्रीहरू, निर्वाचित प्रतिनिधि, सरकारी अधिकारी, विषयगत विज्ञहरू, विद्वत् वर्ग, नागरिक समाज, गैरसरकारी र सामुदायिक संस्था, विकासका साझेदार तथा निजी क्षेत्रको सहभागिता रहेको २००८ नोभेम्बर १६ देखि २१ (२०६५ मंसिर १ देखि ६) सम्म भारतको राजधानी नयाँदिल्लीमा आयोजित तेस्रो दक्षिण एशियाली सरसफाइ सम्मेलन (SACOSAN III) को प्रतिनिधि मण्डलका प्रमुखहरू:

१. सरसफाइ र स्वच्छ खानेपानीमा पहुँच एक आधारभूत मानव अधिकार भएको तथ्यलाई अंगिकार गर्दै सरसफाइलाई राष्ट्रिय प्राथमिकता दिन अपरिहार्य ठान्दछौं ।

२. यस सम्मेलनमा सहभागी भएका दक्षिण एशियाका सबै राष्ट्रहरूमा समयबद्ध रुपमा सरसफाइसम्बन्धी राष्ट्रिय तथा सहस्राब्दी विकास लक्ष्यहरू पूरा गर्न हामी प्रतिबद्धता व्यक्त गर्दछौं ।

३. हाम्रा राष्ट्रका सम्पूर्ण शहरी तथा ग्रामीण समुदायहरूमा पूर्ण र दिगो सरसफाइ हासिल गर्ने मात्र नभई सन् २००३ मा ढाकामा सम्पन्न SACOSAN I र सन् २००६ मा इस्लामावादमा सम्पन्न SACOSAN II मा दोहोऱ्याइएका लक्ष्यहरू हासिल गर्ने घोषणा पनि गर्दछौं ।

४. सरसफाइसम्बन्धी हाम्रा लक्ष्यहरू छिटो पूरा गर्न र हाम्रा क्रियाकलापहरूको द्रुतगतिका लागि राष्ट्रिय, क्षेत्रीय, स्थानीय र घरायसी तहमा निम्नलिखित प्रमुख कार्यहरू लागू गर्न र निश्चित कार्यहरू गर्न हामी ध्यानाकर्षण गर्नुका साथै त्यसका लागि प्रतिबद्धता दोहोऱ्याउँछौं :

क) वर्तमान र भावी पुस्ताले स्वच्छ खानेपानी, सफा माटो र वायुसहितको स्वस्थ वातावरणमा रम्न पाउने कुरा सुनिश्चित गर्दै

ख) सबैका लागि सरसफाइ सेवा प्राप्त गर्ने प्रक्रिया सबै चरणमा सम्पूर्ण सरोकारवालाहरू र विशेष गरेर स्थानीय सरकार, समुदाय र सबभन्दा तल्लो तहका समूहहरूलाई समावेश गर्ने खालका हुनेछ ।

ग) सरसफाइलाई पूर्वाधार वा आर्थिक चुनौतीका रुपमा मात्र लिइने छैन । यसका लागि प्रभावकारी नीति, व्यवहार परिवर्तनका लागि आर्थिक तथा संरचनागत प्रोत्साहन, धार्मिक नेताहरू, समुदाय र विद्यालयजस्ता संस्थाहरू, स्थानीय सरकार र सेवा प्रदायकहरूसँग सहकार्य गर्नुका साथै तिनीहरूको क्षमता अभिवृद्धि एवं कार्यक्रम लागू गर्न तथा अनुगमनमा जवाफदेही बढाउने अवसरका रुपमा पनि लिइनेछ ।

घ) सरसफाइको अवधारणालाई तरल तथा ठोस फोहोरलाई (पानीका स्रोतहरू एवं जमीनलाई प्रतिकूल असर नपार्ने तरल पदार्थ सहित) सुरक्षित तवरले ढुवानी गर्ने र स्वस्थ तरिकाले तह लगाउने वा पुनः प्रयोग गर्नेसम्म एक सम्पूर्ण व्यवस्थापन चक्रका रुपमा प्रबर्द्धन गरिनेछ ।

ङ) सरसफाइका लागि विभिन्न व्यवस्था र विकल्पहरू उपलब्ध हुनेछन् । समुदायको सक्रिय सहभागिता, सहयोग, निर्णय प्रक्रिया समेतको समुदायको स्वामित्व सहित उचित बजेट नीति बनाएर विभेद घटाउँदै सबैका लागि आधारभूत सरसफाइ सुविधा सुनिश्चित गरिने छ ।

च) गरीब तथा जोखिमपूर्ण क्षेत्रका जनतालाई प्रोत्साहन एवं सहयोग दिइने छ ।

छ) महिला र अति जोखिममा रहेकाहरूलाई (महिला र बालबालिका, अझ विशेष गरेर बालिकाहरू, अपाङ्ग र ज्येष्ठ नागरिक) प्राथमिकता दिइने छ । नवीन प्रक्रियाहरू (उदाहरणका लागि स्वावलम्बी समूह मार्फत लघु वित्त कार्यक्रम) प्रभावकारी रुपमा प्रबर्द्धन गरिने छ ।

ज) सामाजिक र आर्थिक रुपमा पिछडिएका घरपरिवारलाई समूह बनाउन परिचालन गरिने छ र सरसफाइका साथै अन्य विकास कार्यक्रममा उनीहरूको पहुँचका लागि सहयोग गरिने छ ।

झ) सरसफाइमा महिलाको विशेष आवश्यकतालाई (रजस्वलाको समयमा सरसफाइ व्यवस्थापन सहितको) सरसफाइ कार्यक्रमहरूको योजना बनाउने, लागू गर्ने, अनुगमन गर्ने र उपलब्धिहरूको मापनमा समायोजन गरिने छ । समुदायस्तरको सरसफाइ व्यवस्थापनमा महिलाको महत्वपूर्ण भूमिकाको व्यवस्थालाई विकास गरिने छ ।

ञ) विद्यालयहरूमा यथेष्ट सरसफाइ प्रबर्द्धनलाई (जस्तै छात्र र छात्रालाई खानेपानीको व्यवस्था तथा यथेष्ट मात्रामा बालबालिकालाई अनुकुल हुने खालका शौचालय) बढी जोड दिइने छ । विद्यार्थीहरूमा सरसफाइ सुविधाको

हेरविचार र स्वस्थ बानीव्यहोरा विकासलाई प्रवर्द्धन गर्न विद्यालयस्तरिय पाठ्यक्रममा सरसफाइ शिक्षा पनि समावेश गरिने छ ।

ट) क्षमता अभिवृद्धि, सफल प्रयासहरूका विषयमा आपसी छलफल र स्वतन्त्र अनुगमन संयन्त्र प्रबर्द्धनका लागि राष्ट्रहरूबीचको सहकार्यलाई मजबूत गरिने छ ।

ठ) सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्दै सञ्चार जगतसँगको सहकार्यमा स्वच्छ र स्वस्थ वातावरणको माग बढाउन र स्वस्थकर बानी व्यहोरा प्रबर्द्धन गर्न व्यवहार परिवर्तनसम्बन्धी सूचना आदान प्रदानलाई प्रभावकारी रुपमा उपयोग गरिने छ ।

ड) सरसफाइलाई स्वास्थ्य, शिक्षा र अन्य सम्बद्ध नीतिहरूमा समावेश गरिनु पर्ने र ऐन नियमलाई प्रभावकारी रुपमा लागू गरिनु पर्ने ।

ढ) प्रविधिहरू (पानी नचाहिने वा थोरै पानी भए पुग्ने) र मानव मलमूत्र लगायत तरल तथा ठोस फोहोरको पुनःप्रयोगलाई (त्यसबाट शक्ति उत्पादन सहित) प्रोत्साहित गरिने छ ।

ण) सस्तो, सुलभ, वातावरण मैत्री र उचित सरसफाइका प्रविधि, सामग्रीका साथै सरसफाइ स्तरवृद्धिका लागि निजी क्षेत्रसँगको (चर्पी संघ र सरसफाइ सामग्री एवं सरसफाइ सेवा प्रदायक समूहहरू लगायत) सहकार्य सुदृढ गरिने छ ।

त) शहरी क्षेत्रमा मानव मलमूत्र लगायत अन्य सबै किसिमका तरल तथा ठोस फोहोरको (व्यावसायिक, औद्योगिक एवं अस्पतालबाट निस्कने फोहोर सहित) सुरक्षित व्यवस्थापन सुनिश्चित गर्न शहरव्यापी एकीकृत प्रक्रिया अपनाइने छ ।

थ) शहरी क्षेत्रको सरसफाइ योजनाहरूको एक अङ्गको रुपमा शहरी क्षेत्रका विपन्नहरु विशेष गरेर अव्यवस्थित बस्तीका बासिन्दाहरूलाई सुरक्षित सरसफाइमा पहुँच पुऱ्याउन सहयोग गरिने छ ।

द) सरसफाइ कार्यमा संलग्न व्यक्तित्वहरूको महत्वपूर्ण भुमिकालाई स्वीकार गर्दै उनीहरूको आत्मसम्मान वृद्धिका उपायहरूको अवलम्बन गरिने छन् ।

## क्रियाकलाप एवं प्रतिबद्धताहरू

अन्तर्राष्ट्रिय सरसफाइ वर्ष २००८ को सन्दर्भमा हामी समयबद्ध रुपमा सरसफाइसम्बन्धी राष्ट्रिय एवं सहस्राब्दी विकास लक्ष्यहरू प्राप्तिका लागि निम्न क्रियाकलापहरू गर्ने प्रतिबद्धता जाहेर गर्दछौं ।

१. मुख्य रुपमा क्षेत्रीय, राष्ट्रिय र स्थानीय तहहरूमा नीति निर्माण, बजेट विनियोजन, मानव संसाधन एवं तिनलाई लागू गर्नका लागि सरसफाइलाई दिइएको जोडलाई दिगो बनाउन पैरवी र चेतनालाई निरन्तरता दिन

२. सरसफाइ समस्याको दिगो समाधानका लागि सहकार्य गर्न स्थानीय सरकार, गैरसरकारी संस्था, युवा तथा सामुदायिक समूहहरूको क्षमता अभिवृद्धि गर्न एवं समुदायका प्रयासहरू सुदृढ गर्न

३. सरसफाइ कार्यमा सम्बद्ध व्यक्तिहरूको काम गर्ने वातावरण तथा आत्मसम्मान अभिवृद्धि गर्न र उनीहरूको स्वास्थ्य, सुरक्षा र सम्मान सुनिश्चित गर्न

४. समुदायका सबै वर्ग विशेष गरेर नवजात शिशु, बालिका, महिला, ज्येष्ठ नागरिक र अपाङ्गहरूको स्वास्थ्य, सुरक्षा र सम्मानका लागि विकास कार्यको रुपमा सरसफाइलाई प्राथमिकता दिइने छ ।

५. सरसफाइ सबैको चासोको विषय बनाउनुका साथै आ-आफ्ना कार्यक्रमहरूमा (जस्तै रेलवे र पर्यटन निकायहरूमा आफ्नो कार्यक्रमको अङ्गको रुपमा सरसफाइ सुविधाको प्रवर्द्धन) यसलाई प्राथमिकताको विषय बनाउन सरसफाइलाई विभिन्न क्षेत्र, मन्त्रालय, विभाग, संस्थाहरूमा (निजी, घरायसी, विद्यालय, समुदाय एवं सार्वजनिक) समाहित गर्न

६. आपत्कालीन एवं विपत्तिको अवस्था र विशेष भूसंरचना भएका क्षेत्रहरू वा अस्थायी बसाइसराइको समस्या भोग्नुपर्ने समूहका लागि सरसफाइ व्यवस्था, प्रविधि र प्रक्रियाको विकास एवं लागू गर्न

७. दक्षिण एशियाको सरसफाइ व्यवस्थामा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गराउन विश्वव्यापी पैरवी गर्न र ती असरहरू निर्मूल गर्न वा ती असरहरूप्रति अनूकुलता विकास गर्ने रणनीति र प्रविधिहरूको विकास गरी लागू गर्न

८. स्थानीय अवस्था, स्रोत र चयन सुहाउँदो व्यवहारिक समाधान एवं विकल्पहरूको विविधताको स्वतन्त्रता सशक्त बनाउन

९. अनुसन्धान तथा विकास, सहकार्य, दक्षता, अनुभव र नयाँ प्रयोगहरूको आदान प्रदान प्रबर्द्धन गर्न राष्ट्रिय सम्पर्क व्यक्तिको नेतृत्वमा एक अन्तर्देशीय कार्यकारी समूहले समय समयमा भेटघाट गर्ने छ र एक आपसमा ज्ञानको आदान प्रदान गर्न अन्तर्देशीय समूह एवं निकायहरूको सञ्जाल निर्माण गरिने छ ।

१०. सन् २००९ देखि २०११ सम्मको अवधिमा राष्ट्रिय कार्ययोजना विकास गर्न सहभागी देशहरूले "सरसफाइ लक्ष्य प्राप्तिका लागि दक्षिण एशियाली मार्गचित्र" को (परिशिष्ट) लाई सन्दर्भका रुपमा लिनसक्ने छन् ।

तीनवटै दक्षिण एशियाली सरसफाइ सम्मेलनहरूबाट प्राप्त गतिलाई निरन्तरता दिंदै चौथो सम्मेलन सन् २०१० मा श्रीलङ्कामा र पाँचौ सम्मेलन सन् २०१२ मा नेपालमा आयोजना गरिने छन् ।

तेस्रो दक्षिण एशियाली सरसफाइ सम्मेलन (SACOSAN III) को सफल आयोजनाका लागि हामी भारत सरकार र भारतीय जनतालाई धन्यवादका साथ कृतज्ञता ज्ञापन गर्दछौं ।

◆◆

नेपाली भाषामा स्वतन्त्र अनुवाद-फ्रेसवाटर एक्सन दक्षिण एशिया नेपाल च्याप्टर